मिति २०७७।०४।२५ गते श्रीमान प्र.जि.अ. हुमकला पाण्डेज्यूको संयोजकत्वमा तथा जिल्ला समन्वय समिति भक्तपुरका अध्यक्ष श्री नवराज गेलालगायत देहायका महानुभावहरुको उपस्थितिमा जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र (DCCMC) भक्तपुरको ३० औं बैठक बसि देहाय अनुसार छलफल र निर्णय गरियो।

बिशेष आमन्त्रित

माननीय श्री महेश बस्नेत, संघीय सांसद

उपस्थिति:

सल्लाहकार(DCCMC) - अध्यक्ष श्री नवराज गेलाल, जिल्ला समन्वय समिति, भक्तपुर

जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) का पदाधिकारिहरू:

१. प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
२. जिल्ला समन्वय अधिकारी श्री जगन्नाथ लामिछाने , जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुर
३. प्रमुख सेनानी श्री शिव प्रसाद पौडेल, वीरदल गण सूर्यविनायक व्यारेक, भक्तपुर
४. प्रहरी उपरिक्षक श्री तारादेवी थापा, महानगरीय प्रहरी परिसर, भक्तपुर
५. सशस्त्र प्रहरी उपरिक्षक श्री उद्धबबहादुर न्यौपाने, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण, भक्तपुर
६. उप अनुसन्धान निर्देशक श्री सुरेन्द्र कोइराला, रा.अ.वि.जिल्ला कार्यालय, भक्तपुर
७. सहायक प्रमुख जिल्ला अधिकारी श्री दुर्गादत्त ढकाल, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
८. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल, भक्तपुर
९. कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय, भक्तपुर – स्थायी आमन्त्रित
१०. प्रमुख श्री मनोज थापा, नेपाल रेडक्रस सोसाइटी, भक्तपुर – स्थायी आमन्त्रित

आमन्त्रित:

श्री प्रेम ज्ञवाली-शहिद धर्म भक्त मानव अंग प्रत्यारोपण केन्द्र, भक्तपुर

छलफलका विषयहरु

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।
२. कोभिड-१९ रोकथाम र नियन्त्रण सम्बन्धमा।
३. होल्डिङ स्पेस र क्वारेन्टिनको व्यवस्थापन सम्बन्धमा।
४. अत्यावश्यक सेवा सम्बन्धमा।
५. विविध

निर्णय:

१. कोभिड-१९ जिल्लागत संरचनाको मिति २०७७।०४।२३ गते बसेको निर्णयहरू माथि समीक्षा गर्दा कार्यान्वयनको अवस्था प्रभावकारी रहेको पाइएकोले आगामी दिनहरूमा पनि सोहीअनुरुप निरन्तरता दिने।
२. कोभिड-१९ को संक्रमण र महामारी फैलिन नदिन जिल्ला स्थित सरकारी कार्यालयहरूले प्रदान गर्दै आएको सेवामा कटौती गर्न सक्ने गरी निर्णय लिन तथा भीडभाड नगरी सुरक्षा मापदण्ड पालना गरेर मात्र सेव प्रवाह गर्ने।
३. जिल्लास्थित संचालनमा रहेका सेवाहरूको नियमित अनुगमन गर्न स.प्र.जि.अ. को संयोजकत्वमा मिति २०७७।०४।२३ गते गठन गरिएको कार्यदलले अनुगमन गरी प्राप्त प्रतिवेदन अनुसार जोर बिजोर प्रणालीलाई थप कडाई गर्ने र भूमी सुधार तथा मालपोत कार्यालयमा कोभिड-१९ को सुरक्षा मापदण्ड अबलम्बन गर्न लगाउने।
४. कोभिड-१९ संक्रमितहरूको आइसोलेसन सम्बन्धी स्वास्थ्य मापदण्ड, २०७७ अनुसार स्थानीय तहहरूले आ-आफ्नो क्षेत्रमा आइसोलेशन बेडहरूको निर्माण गरी संचालनको लागि अनुरोध गर्ने।
५. कोरोना भाइरसको प्रभावकारी रोकथाम र नियन्त्रणका लागि सबै स्थानीय तहहरूमा उच्च प्राथमिकताका साथ क्वारेन्टिन संख्या बढाई व्यवस्थित रुपमा संचालनका लागि अनुरोध गर्ने।
६. जिल्लाका सरकारी अस्पतालबाट प्राप्त भइरहेको सेवा प्रवाहमा निरन्तरता दिनका लागि कार्यरत चिकित्सक तथा नर्सहरू घरमा बस्ने अवस्था नभएको र क्वारेन्टिनमा बस्नु पर्ने हुँदा खरीपाटी स्थित क्वारेन्टिनको २८ ओटा बेड रहेको Block C को भवनलाई प्रयोग गर्न कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र , छाउनीमा स्वीकृति माग गर्ने र सोको खर्च सम्बन्धित अस्पतालले नै व्यहोर्ने।
७. बोडे स्थित कृषि विकास बैंकको तालिम केन्द्रमा रहेको बेडहरूलाई आइसोलसन केन्द्रको रुपमा रुपान्तरण गरी संचालन र व्यवस्थापनको लागि स्थानीय तहलाई अनुरोध गर्ने। मिति २०७७।४।२४ को
८. भक्तपुर अस्पतालमा निर्माण सम्पन्न भएको कोभिड-ब्लक अस्पताल व्यवस्थापनको अनुरोध बमोजिम आवश्यक जनशक्ति, स्वास्थ्य सामग्रि लगायतका विषयहरूको यथाशिघ्र व्यवस्थापनको लागि कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र , छाउनी मार्फत स्वास्थ्य मन्त्रालयमा अनुरोध गर्ने।
९. कोभिड-१९ संक्रमित वा संकास्पद बिरामीहरूलाई ओसार पसार गर्ने एम्बुलेन्स सेवाको निरन्तरताको लागि आवश्यक पर्ने ईन्धन, मर्मत र जनशक्ति खर्च व्यवस्थापनको लागि आवश्यक कोष निर्माण गर्न स्थानीय तहहरूलाई अनुरोध गर्ने।
१०. कोभिड-१९ नियन्त्रण, रोकथाम र उपचारको लागि जिल्ला स्थित स.प्र.जि.अ.को संयोजकत्वमा सरोकारवाला निकायहरू रहेको सूचना संकलन केन्द्र जिल्ला प्रशासन कार्यालयमा स्थापना गर्ने।